नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
( योजना तथा जग्गा प्रशासन शाखा )

फोन नं. ४६२१७७०, ४६२२७४२, ४६२२७१३, ४६२२७३३
फ्याक्स नं. ४६२२९५७
इमेल : info@dos.gov.np

मिनभवन,
काठमाडौं, नेपाल

पत्र संख्याः- ३।१९१०७५।०७६
प्राप्त पत्र संख्याः.............
च.नं.: २८८

मिति : २०७५।१०।२०

विषय : निर्देशन सम्बन्धमा ।

श्री नापी कार्यालयहरू,
सबै ।

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प.सं. २०७५।०७६।१(१)४ च.नं. १०३६ मिति २०७५।०९।०५ को पत्र प्राप्त हुन आएको छ ।

सो सम्बन्धमा "मालपोत तथा नापी कार्यालयका कर्मचारीहरूले जग्गा नाप जाँच गर्दा/ गराउँदा कोही कसैलाई लाभहानी पुर्याउने वदानियतले क्षेत्रफल घटि / बढी हुने गरी गर्ने/ गराउने गरेको" उजुरी तथा गुनासो प्राप्त हुने गरेकोमा त्यस्ता गतिविधीहरू हुन नपाउने गरी आवश्यक प्रवन्ध मिलाउन मातहतका सबै कार्यालयहरूमा परिपत्र गर्नु हुन भनि लेखी आएको छ । अतः आफ्नो कार्यालयमा हुने सेवा प्रवाहमा त्यस्ता गतिविधी हुन नदिन तपसिल वमोजिम गर्ने भनि विभागको मिति २०७५।१०।२० को निर्णयानुसार अनुरोध छ ।

**तपसिलः**

१. कर्मचारीहरूबाट कार्यको चेकलिष्ट बनाई काम काज गर्ने गराउने ।
२. मातहतका कर्मचारीबाट भए गरेका काम माथिल्लो तहले अनिवार्य चेक जाँच गर्ने व्यवस्था मिलाउने ।
३. वदनियत पूर्वक कार्य हुन नदिन कार्यालय प्रमुखबाट सबै कर्मचारीलाई निर्देशन र कार्यको अनुगमन गर्ने ।
४. कर्मचारीहरूबाट वदनियत पूर्वक कार्य गरेमा त्यस्ता कर्मचारीलाई कारवाही गर्ने र त्यस्तो कार्य नियमानुसार सुधार गरी विभागमा जानकारी गराउने ।

२०७५।१०।२०
.................
(युवराज आचार्य)
नापी अधिकृत

वोधार्थः
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।